का.जि.प्र.का.द.नं. १००/०५९/६०


२८ जेठ २०८१,
सोमबार
10 June 2024,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक ११८ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



*दैलेखको आठबिस नगरपालिका-४ खिड्कीज्युला र अछामको पञ्चदेवल नगरपालिका जोड्ने कर्णाली नदीमाथिको झोलुंगे पुलको लट्ठा चुँडिदा फसेका खच्चडहरु। पञ्चदेवल नगरपालिकातर्फबाट सामान लिन आठबिस नगरपालिकाको राकम बजार आउँदै गर्दा आइतबार बिहान पुलको छेउको जालीमा खच्चड फसेका हुन् । फसेका मध्ये ११ वटाको जिवितै उद्धार गरिएको छ भने दुईवटाको मृत्यु भएको छ । तस्बिर : सुरेश आचार्य/रासस*

## पुलमा फसेका खच्चडको उद्धार

**दैलेख/मस**–कर्णाली नदीमा रहेको झोलुङ्गे पुलको जाली लत्रिँदा बीच भागमै अड्किएका ११ खच्चडको जीवितै उद्धार गरिएको छ। दुई खच्चडको भने मृत्यु भएको छ ।

अछामको पञ्चदेवल बिनायक नगरपालिका ९ कालेकाडा र दैलेखको आठबिस नगरपालिका-६ खिड्कीजिउला जोडने झोलुङ्गे पुलको जाली लत्रिएपछि आइतबार बिहानदेखि १३ खच्चड पुलको बीच भागमा अड्किएका थिए । खच्चडलाई पुलको जाली काटेर कर्णालीमा खसाली उद्धार गरिएको हो । पुलको दाँहिने तर्फको जाली लत्रिएपछि खट्टा जालीभित्र पस्दा खच्चड पुलमा अड्किएका थिए ।

**गण्डकीमा सत्ता संकट**

# मध्यावधि उन्मुख दलहरु

कांग्रेस वर्तमान सरकारलाई बहुमत पुऱ्याउन नसके स्वतन्त्र सांसदको नेतृत्वको सरकार बनाउने कसरतमा छ । यही कसरतमा नेकपा एमाले र माओवादी केन्द्र पनि लागेको छ । स्वतन्त्र सांसदले विश्वासको मत नपाए मध्यावधिमा जाने भएकाले चुनावी सरकारको नेतृत्व लिने दाउमा दलहरु छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ जेठ ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सोमबार प्रदेश सभाबाट विश्वासको मत लिने तयारी गरेका छन् । यसका लागि दिउँसो तीन बजेका लागि प्रदेश सभा बैठक बोलाइएको छ ।

तर, मुख्यमन्त्री पाण्डे नेतृत्वको सरकार जोगिनका लागि कांग्रेसको २७ मतले मात्रै पुग्दैन । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सांसदले साथ दिए पाण्डेको समर्थनमा २९ सांसद पुग्छ । राप्रपाले मत दिए स्वतन्त्र सांसद दीपक मनाङले पनि मत दिने नेताहरुको बुझाई छ । यसो हुँदा मात्रै सरकार जोगाउन आवश्यक मत पुग्छ ।

कांग्रेसले नेकपा माओवादी केन्द्रबाट





चुनाव जितेका नेपाल समाजवादी पार्टीका नेता फणिन्द्र देवकोटालाई पनि फकाइरहेको छ। तर यी तीन पक्षबाटै मुख्यमन्त्री पाण्डेलाई विश्वासको मत प्राप्त हुने औपचारिक निर्णय भएको छैन।

देवकोटा एमाले-माओवादी गठबन्धनसँग संवाद बढाइरहेका छन् । माओवादी संसदीय दलको ह्वीप उनलाई लाग्छ । त्यसैले फ्लोर क्रस गर्ने सम्भावना भए पनि सजिलो भने छैन। माओवादी प्रमुख सचेतक कुसुम बुढाका अनुसार देवकोटाले ह्वीप उल्लघंन गरे पार्टीले कारबाही गर्नेछ ।

नेताहरुका अनुसार मुख्यमन्त्री पाण्डेले भने दलहरूसँग समन्वय गरेरै बजेटअघि संसद् फेस गर्न लागेका हुन्। तर संसद् बैठक डाकिएपछि राजनीति केही फरक भएको छ ।

संघमा बनेको नेकपा एमाले र नेकपा माओवादी केन्द्रको सत्तागठबन्धनलाई समर्थन नगर्ने निर्णय राप्रपाको छ। तर, राप्रपाले मुख्यमन्त्री पाण्डेलाई विश्वासको मत दिने वा नदिने भनेर पनि निर्णय लिएको छैन ।

२७ सिटसहित प्रदेश सभामा पहिलो पार्टी रहेको नेपाली कांग्रेसका दलका नेता पाण्डे सर्वोच्च अदालतको परमादेश अनुसार धारा १६८ (३) बमोजिम मुख्यमन्त्री नियुक्त भएका थिए।

यदि पाण्डेले पृष्ठ २ मा

# आधा अर्थतन्त्र अनौपचारिक




सरकारले नै अर्थबजारमा अनौपचारिक अर्थतन्त्रको हिस्सा निकै ठूलो रहेको स्वीकार गरेको छ । औपचारिक क्षेत्रभित्र अनौपचारिक क्रियाकलाप र कतिपय अनौपचारिक क्षेत्रभित्र अवैध क्रियाकलाप सञ्चालनमा रहेको भन्दै सरकारले ४९ दशमलव ५ प्रतिशत अनौपचारिक कारोबार भइरहेको बताएको छ । अहिले नेपाली अर्थतन्त्र अर्थात कूल ग्राहस्थ्य उत्पादनको आकार ५३ खर्ब ८१ अर्ब छ ।

**मनीषा अवस्थी/मध्यान्ह**
काठमाडौं, २७ जेठ ।

पछिल्लो दशकमा नेपाली अर्थ बजारमा कालो धनलाई सेतो बनाउने विषय निकै चर्चामा रह्यो । आर्थिक वर्ष २०६५/०६६ सालमा तत्कालीन अर्थमन्त्री डा. बाबुराम भट्टराइले कालो धनलाई सेतो बनाउने व्यक्तिहरूलाई कडा कारबाही हुने अभिव्यक्ति सार्वजनिक भएपछि यो विषयको चर्चा चुलिएको हो ।

त्यसपछि गैह्रकानूनी आम्दानी गर्नेहरूले भित्रभित्रै भट्टराइको चर्को विरोध गरे । 'ब्ल्याक मनीलाई एक पटक ह्वाट' बनाउन दिन लबिङ पनि गरे । यति मात्रै होइन, लामो समयसम्म ब्यापारीक घरानाहरूले सम्पत्ति स्वघोषणा गर्न पाउनुपर्ने माग समेत राखे । सोही विषयमा पछिल्ला वर्षहरूमा भने कालो धनभन्दा पनि अनौपचारिक रूपमा रहेको अर्थतन्त्रलाई सरकारले औपचारिक बनाउन विषय जिम्मेवार व्यक्तिहरू नै अभिव्यक्त आए । पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## श्रममन्त्री अर्याललाई विभिन्न देशका श्रममन्त्रीसँग वार्ता गर्ने अवसर

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ जेठ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्याललाई यो साता बिभिन्न गन्तव्य मुलुकका श्रममन्त्रीहरुसंग बार्ता गर्ने अवसर प्राप्त हककुदैछ। अन्तराष्ट्रिय श्रम संगठन (आईएलओ)को ११२औं अन्तराष्ट्रिय श्रम सम्मेलन (आईएलसी)को सन्दर्भ परेकोले मन्त्री अर्याललाई यस्तो अवसर प्राप्त हुन लागेको हो। सो सम्मेलनमा सहभागी हुन मन्त्री अर्याल नेपाली टोलीको नेतृत्व गर्दै आइतबार जेनेभा प्रस्थान गरेका छन् ।

मन्त्री अर्यालले १२ जुनमा आईएलसीको पूर्ण बैठकलाई सम्बोधन गर्ने कार्यक्रम रहेको मन्त्रालयले जनाएको छ । त्यस अवसरमा मन्त्री अर्यालले नेपाली कामदारका प्रमुख श्रम गन्तव्य मुलुकका श्रम मन्त्रीहरूसँग भेटवार्ता र द्विपक्षीय छलफल गर्ने तयारी छ। मन्त्री अर्यालले जुन ११ मा मलेसियाका मानव संशाधन मन्त्री चि केयोङ सिम र कतारका श्रम मन्त्री अलि सामिख अल मारीसँग दुईपक्षीय साइडलाइन भेटवार्ता गर्नेछन्। त्यस्तै मन्त्री अर्यालले १४ जुनमा कोरियाका रोजगार तथा श्रममन्त्री जुन सिक लीसँग दुईपक्षीय भेट गर्नेछन् । पृष्ठ २ मा

### धनगढी रोजगार मेलामा एक हजारलाई रोजगारी

**सुनिल आउजी/मध्यान्ह**
धनगढी, २७ जेठ

सुदूरपश्चिम प्रदेशको धनगढीमा आइतबारदेखि शुरु भएको श्रमाधान रोजगार मेलाको पहिलो दिन एक हजार जनाले रोजगारी प्राप्त गरेका छन् । यसैगरी मेलामा २२ सय ५० जनाले रोजगारीका लागि आवेदन दिएको आयोजकले बताएको छ ।

मेला अवलोकनका लागि आएका एक हजार युवाले रोजगारी प्राप्त गरेको र हजारौंले रोजगारीका लागि आवेदन दिएको श्रम, रोजगार पृष्ठ २ मा

### आईटी आर्मीले विभाग घेर्ने

**काठमाडौं/मस**– आम जनता पार्टीको भ्रातृ संगठन आईटी आर्मीले वैदेशिक रोजगारीमा जाने श्रमिकसँग लिइएको अवैध रकम फिर्ता गराउन वैदेशिक रोजगार विभाग घेराउ गर्ने बताएको छ । आइतबार रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गरी आईटी आर्मीले संघर्षका कार्यक्रमबारे जानकारी गराएको हो ।

विभाग घेराउको कार्यक्रम आगामी असार २ गतेदेखि शुरू हुने आईटी आर्मीका संस्थापक अध्यक्ष चन्द्रभुषण साहले बताए । उनले वैदेशिक रोजगारीमा पृष्ठ २ मा

# नयाँदिल्लीमा प्रधानमन्त्री प्रचण्ड

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले शपथ ग्रहण गर्ने समारोहमा सहभागी हुन नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नयाँदिल्ली पुगेका हुन् । उनले भारतीय नेताहरुसँग औपचारिक संवाद गर्नेलगायतका कार्यक्रम छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २७ जेठ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड भारतको नयाँदिल्ली पुगेका छन् । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले पदको शपथग्रहण गर्ने समारोहमा सहभागी हुन नेपालका प्रधानमन्त्री प्रचण्ड नयाँदिल्ली पुगेका हुन् । भारतीय नेताहरुसँग औपचारिक संवाद गर्ने लगायतका कार्यक्रम छ ।

प्रधानमन्त्री दाहाललाई नयाँदिल्लीस्थित इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा भारतीय सरकारका विशेष प्रतिनिधिले स्वागत गरे । तेस्रो कार्यकालका लागि भारतीय जनता पार्टी (भाजपा)का नेता मोदीले आइतबार साँझ प्रधानमन्त्री पदको शपथ लिएका छन् ।



शपथ समारोहपछि प्रधानमन्त्री प्रचण्ड र समकक्षी नरेन्द्र मोदीबीच भेटवार्ता भएको नयाँदिल्लीस्थित नेपाली राजदूतावासले जनाएको छ। भेटमा दुई देशको समसामयिक विषयमा छलफल हुनेछ। माओवादी केन्द्रका अध्यक्षसमेत रहेका प्रचण्डले पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिकको
अनलाइन संस्करण




www.madhyanhadaily.com
नयाँ स्वरुपमा हेर्न नछुटाउनुहोला ।

मध्यान्ह
www.madhyanhadaily.com
२८ जेठ २०८१, सोमबार
10 June 2024, Monday

# कैलालीमा ४ सय मुक्त कमैयालाई आकाशे लालपुर्जा वितरण

**धनगढी/मस–** सरकारले कैलालीमा ४ सय जना मुक्त कमैयालाई आकाशे लालपुर्जा वितरण गरेको पाइएको छ।

२०५७ साउन २ गते मुक्त कमैयाहरूलाई मुक्त घोषणा गरी पुनर्स्थापनाको कार्य अगाडि बढाएको सरकारले चारसय जना मुक्त कमैयालाई आकाशे लालपुर्जा दिएको पाइएको हो। मुक्त कमैया समाजका केन्द्रीय अध्यक्ष पशुपति चौधरीका अनुसार चार सय जनाको हातमा जग्गाको लालपुर्जा भएको तर उनीहरुले हालसम्म भोग गर्न पाएका छैनन्। मुक्त कमैयालाई लालपुर्जा दिइएको जग्गा पहिलेदेखि अरूको नाममा भएको र उक्त जग्गा विद्यालयको जग्गा देखिएको छ। तर उनीहरुले राज्यलाई ती जग्गाको मालपोत भने बुझाउँदै आएको मुक्त कमैया रामप्रसाद रानाले बताए।

त्यसता लालपुर्जा पाउने मुक्त कमैयाहरू हालसम्म जिल्लाका विभिन्न मुक्तकमैया शिविरमा बस्दै आएका हुन्। खासगरी आकाशे पुर्जा पाउने मुक्त कमैयाहरु जिल्लाको भजनी नगरपालिका, जोशीपुर गाउँपालिका, कैलारी गाउँपालिका, जानकी गाउँपालिका र टीकापुर



नगरपालिकास्थित विभिन्न मुक्त कमैया शिविरमा बस्दै आएका हुन्। मुक्त कमैया समाजका अनुसार कैलालीमा जम्मा ९ हजार ७६२ मुक्त कमैयामध्ये जग्गा पाउनुपर्ने योग्य कमैया ८ हजार ९७५ जना छन्। जसमध्ये ८ हजार २२ जनाले जग्गाको लालपुर्जा पाएका छन् भने बाँकी ९५३ जना मुक्त कमैयाले जग्गा पाउन बाँकी रहेको छ। जसमध्ये ४ सय जनाको हातमा लालपुर्जा छ, तर जग्गा छैन।

त्यस्तै, सुदूरपश्चिमको कञ्चनपुर जिल्लामा जम्मा ४ हजार ५०६ जना मुक्त कमैया मध्ये जग्गा पाउने योग्य मुक्त कमैया ४ हजार ४१८ जना रहेका थिए। जसमध्ये ४ हजार २८९ जनाले जग्गा पाएका छन्, भने १२९ जनाले पाउन बाँकी देखिएको मुक्त कमैया समाजले जनाएको हो। त्यस्तै, कैलालीमा १७३ जनाको परिचय पत्र बदर गरिएको छ। परिचयपत्र बदर गरिँदा ती मुक्त कमैयाहरू पुनर्स्थापनाको कार्यक्रमबाट वञ्जित हुँदै आएका छन्, भने कञ्चनपुरमा १२९ जना मुक्त कमैयाको लालपुर्जा सट्टा भर्ना गर्नुपर्ने देखिएको छ। उनीहरूलाई नदीको किनारमा जग्गा दिँदा र कटानी हुँदा सट्टा भर्ना गर्नुपर्ने देखिएको हो।

यसैबीच मुक्त कमैयाहरूले पाइएको लालपुर्जा पनि सदुपयोग गर्न नसकेको गुनासो गरेका छन्। आइतबार धनगढीमा आयोजित सुदूरपश्चिम सरकारको 'आगामी बजेटमा मुक्त कमैया पुनर्स्थापना' विषयक अन्तरक्रियामा बोल्दै कञ्चनपुरको कृष्णपुर नगरपालिका ४ राजपुरका मुक्त कमैया राजबहादुर चौधरीले आफूले जग्गाको लालपुर्जा पाएको तर सदुपयोग गर्न नसकेको बताए। कार्यक्रममा सुदूरपश्चिम प्रदेश सरकारकी भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री टीका थापाले प्रदेश सरकारको मुक्त कमैया हलिया कमलरी पुनर्स्थापना कार्यविधि अनुसार समस्या समाधान गर्ने बताइन्। संघीय सरकार र स्थानीय तहसँगको सहकार्यमा पुनर्स्थापनाको कार्य अगाडि बढाउने र सँगसँगै उनीहरूको जीविकोपार्जनको कार्यक्रम पनि सञ्चालन गर्ने उनले बताइन्।

# शिक्षकलाई व्यवहारिक सीपमूलक 'स्टिम शिक्षा' तालिम

बिन्द्र राई/मध्यान्ह
उदयपुर, २७ जेठ

उदयपुरमा शिक्षकहरुका समयसापेक्ष व्यवहारिक सीपमूलक स्टिम शिक्षा शिक्षण विधि सिकाइ तालिम सम्पन्न भएको छ।

काठमाडौं यूनिभर्सिटी स्कूल अफ शिक्षाशास्त्र शंकाय हात्तिवन ललितपुरको आयोजना तथा त्रियुगा नगरपालिका १ जोगिदह र २ वडा खैजनपुरको समन्वयमा जोगिदहमा सञ्चालित तीन दिने तालिम आइतबार सम्पन्न भएको हो।



तालिममा त्रियुगा नगरपालिकाको १ र २ वडाका सामुदायिक र संस्थागत विद्यालय गरी २४ जना शिक्षक शिक्षिकाहरुले सहभागिता जनाएका थिए।

काठमाडौं युनिभर्सिटी स्कुल अफ एजुकेशन हात्तिवन ललितपुरको स्टिम एजुकेशन प्रशिक्षक रन्जना पोखरेलले अहिलेको समय सापेक्ष अनुसार स्टिम एजुकेशन व्यवहारिक र व्यवसायिक शिक्षा रहेको बताइन्। पोखरेलले स्टिम एजुकेशनमा शैक्षिक क्षेत्रमा विज्ञान,प्रविधि,इन्जिनियरिङ्ग र गणितीय खोज अनुसन्धानमुलक शैक्षिक विषय रहेको उल्लेख गर्दै यसलाई शिक्षण विधि र शिक्षा प्रणालीमा जोडेर अगाडि बढ्न सक्ने बताइन्।

उनले खोजमूलक लेशन, कक्षा कोठाको समस्या समाधान, बालबालिका तथा विद्यार्थीलाई समूहमा घुलमिल जोड गराउने, शिक्षालाई प्रविधिसँग जोड्ने, शिक्षण सिकाइ, प्रोजेक्ट वेश,बालबालिकालाई आफ्ना काम आफैँ गर्न सक्ने बानी अर्थात् स्वायतता जस्ता बानीको विकास गर्ने जस्ता शैक्षिक विषयहरु समेटिएको बताइन्।

# भूमिकास्थानमा प्रधानमन्त्री रोजगार कार्यक्रमले फेरियो दैनिकी



सुर्य प्रसाद भुसाल/मध्यान्ह
अर्घाखाँची, २७ जेठ

अर्घाखाँचीको भूमिकास्थान नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी बन्दै गएको छ। जिल्लाका ६ वटा स्थानीय तहहरुमध्ये भूमिकास्थान नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम निकै प्रभावकारी रुपमा अगाडि बढिरहेको रोजगार सेवा केन्द्रका रोजगार संयोजक पुष्कर मिश्रले बताए।

विगत ३ वर्षदेखि निरन्तर रुपमा लागत साझेदारी गरी भौतिक पूर्वाधार निर्माणमा केन्द्रित भएको प्रधानमन्त्री रोजगार कार्यक्रमले आर्थिक वर्ष २०८०/२०८१ मा ९० जनालाई न्यूनतम एक सय दिनको रोजगारी दिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगदीशचन्द्र नेपालीले जानकारी दिए। नगरपालिकाका १० वटै वडाका वडा अध्यक्षहरु कार्यक्रमलाई प्रभावकारी बनाउन अहोरात्र खटिएका छन्। आर्थिक वर्ष २०८०/२०८१ मा नगर साझेदारीको ६२.५ लाख बराबरको भौतिक पूर्वाधार निर्माणको काम सम्पन्न भइ भुक्तानीको अन्तिम चरणमा रहेको प्रमुख नेपाली बताए।

बेरोजगार नागरिकहरु रोजगारी बनून भन्ने मुख्य उद्देश्यका साथ सूचिकृत बेरोजगारहरुलाई कर्मशील रोजगार कार्यक्रममार्फत कृषि खेतिमा साथै सीप विकास र अन्तर शाखा समन्वय गरी विभिन्न तालिमहरु सञ्चालन गरी अल्पकालिन रोजगार, सीप र दक्षता वृद्धि गर्ने गरी कार्यक्रम सञ्चालन भइरहेको प्रमुख प्रशासकीय अधिकृत नेपालीले बताए।

बाँझो तथा खेतियोग्य जमिनलाई नगरपालिकाले लिजमा लिइ सूचिकृत बेरोजगारलाई प्रयोग गरी अल्पकालिन रोजगारी सिर्जना गरिएको र आगामी आर्थिक वर्षमामा नवप्रवर्द्धन कार्यक्रममार्फत उत्पादनमूलक रोजगारीमा सूचिकृत बेरोजगारलाई अधिकतम संख्यामा प्रयोग गर्ने योजनामा रहेको अधिकृत नेपालीले बताए।

बेरोजगारलाई न्यूनतम रोजगारीको प्रत्याभूति दिन तथा सामुदायिक पूर्वाधारको विकास र कर्मशील रोजगार कार्यक्रम मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउन कार्यक्रमले महत्वपूर्ण भुमिका खेल्ने उनको भनाइ छ।

कार्यक्रममा रहेका नीतिगत अप्ठ्याराहरुलाई आगामी आर्थिक वर्ष २०८०/२०८१ मा परिमार्जन गरी आयोजना सञ्चालन गर्दा कुल लागतको कम्तिमा ४० प्रतिशत ज्याला र ६० प्रतिशत सामग्री खरिदको व्यवस्था भएमा आयोजना सञ्चालन तथा कार्यान्वयनमा सहजता देखिनुका साथै प्रभावकारी हुने रोजगार संयोजक पुष्कर मिश्रले बताए।

सबै वडाहरुले लागत साझेदारीको बजेट समान रुपले पाएपछि सूचिकृत बेरोजगारहरुलाई काममा लगाउन सहज भएको छ।

१० वटै वडामा आगामी आर्थिक वर्ष २०८१/२०८२ मा पनि लागत साझेदारी गरी भौतिक पूर्वाधार निर्माण, जलधार क्षेत्रको संरक्षण र धार्मिक क्षेत्रको विकासमा काम गरिने भएको छ।

सूचिकृत लाभग्राही वडा नं. ७ की उषा घर्ती मगरले कार्यक्रम निरन्तर भएको खण्डमा आफु जस्तै हजारौं विपन्न वर्गका प्रत्यक्ष रुपमा लाभान्वित हुने बताइन्। प्रधानमन्त्री रोजागरतर्फ सूचिकृत बेरोजगारहरुलाई बहुआयामिक क्षेत्रमा प्रयोग गरी अल्पकालिन र दिर्घकालिन रोजगारी सिर्जना गर्ने गरी पालिकाले योजना बनाएको नगर प्रमुख झविलाल थापाले बताए।

कार्यक्रममा विशेष गरी महिला, पुरुष, एकल महिला, अपाङ्ग परिवार तथा अल्पसंख्यक समुदायका सूचिकृत बेरोजगारहरु सहभागी भएको पाइन्छ।

प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अनिवार्य लागत साझेदारी, सीप विकास र उत्पादनको अवधारणामा रुपान्तरण गरी सञ्चालन गर्न सकेको खण्डमा लक्षित वर्गले नेपालको संविधान २०७२ ले निर्दिष्ट गरेको रोजगारीको हकलाई प्रत्याभूत गर्न सक्नेछन्।

**मध्यावधि...**

विश्वासको मत पाउने पक्का भए विपक्षी गठबन्धनले संसद् बहिष्कार गर्नेसम्मको आन्तरिक तयारी छ। सभामुख र उपसभामुखले राजीनामा दिएर एमाले र माओवादी दुवै पार्टी संसदमा उपस्थित नहुने विकल्पका रूपमा छलफल चलिरहेको छ।

यसका लागि विपक्षी दलका नेता तथा निवर्तमान मुख्यमन्त्री खगराज अधिकारीले केन्द्रीय नेताहरूको ध्यानाकर्षण गरेका छन्। उनले सभामुखको राजीनामाका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग पनि आग्रह गरेका छन्। तर, सभामुख राजीनामा दिने निष्कर्षमा पुगेका छैनन्। सभामुख कृष्ण धितालले राजीनामाको कुरा नचलेको पनि दाबी गरेका छन्। अर्थात, नेताहरुका अनुसार कांग्रेस वर्तमान पाण्डे नेतृत्वकोर सरकारलाई बहुमत पुऱ्याउन नसके स्वतन्त्र सांसदको नेतृत्वको सरकार बनाउने कसरतमा छ। यही कसरतमा नेकपा एमाले र माओवादी केन्द्र पनि लागेको छ। स्वतन्त्र सांसदले विश्वासको मत नपाए मध्यावधिमा जाने भएकाले चुनावी सरकारका नेतृत्व लिने दाउमा दलहरु छन्।

**आधा...**

तत्कालीन अर्थमन्त्री कृष्णबहादुर महराले २०७३ सालमा एक औपचारिक कार्यक्रममा अर्थतन्त्रको सुधारका लागि कालो धनलाई सेतो बनाउने अभिव्यक्ति सार्वजनिक गरेपछि व्यापक आलोचित बनेका थिए। गत आर्थिक वर्षमा अर्थमन्त्री जनार्दन शर्माले पनि अनौपचारिक अर्थतन्त्रलाई औपचारिक बनाउन निजी क्षेत्रले सहयोग गर्नुपर्ने अभिव्यक्ति दिएपछि उनको पनि आलोचना र चर्चा दुबै भयो। यसरी पछिल्लो दशकभरी नै अनौपचारिक अर्थतन्त्रलाई औपचारिक बनाउने बहस चलिरहँदा चालू आर्थिक वर्षमा सरकारले अनौपचारिक अर्थतन्त्र तथ्यांक नै प्रस्तुत गरेको छ।

**४९ प्रतिशत अनौपचारिक अर्थतन्त्र !**

सरकारले नै अर्थबजारमा अनौपचारिक अर्थतन्त्रको हिस्सा निकै ठूलो रहेको स्वीकार गरेको छ। औपचारिक क्षेत्रभित्र अनौपचारिक क्रियाकलाप र कतिपय अनौपचारिक क्षेत्रभित्र अवैध क्रियाकलाप सञ्चालनमा रहेको भन्दै सरकारले ४९ दशमलव ५ प्रतिशत अनौपचारिक कारोबार भइरहेको बताएको छ। अहिले नेपाली अर्थतन्त्र अर्थात् कूल ग्राहस्थ्य उत्पादनको आकार ५३ खर्ब ८१ अर्ब छ।

राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको सोह्रौं योजनामा उल्लेख गरिएको छ, 'स्वयं उपभोगका लागि उत्पादन गरेका वस्तु तथा सेवा लगायतका कतिपय अलेखांकित क्रियाकलापहरू सञ्चालन भइरहेका छन्। राष्ट्रिय आर्थिक गणना २०७५ अनुसार कूल आर्थिक प्रतिष्ठान मध्ये कुनै पनि आधिकारिक निकायमा दर्ता नभइ सञ्चालनमा रहेका छन् भने औपचारिक प्रतिष्ठानभित्रका ५२ प्रतिशतले मात्रै कारोबारको लेखा राख्ने गरेका छन्।' यो तथ्यांकले नेपाली अर्थबजारमा रहेको अनौपचारिक कारोबार कूल ग्राहस्थ्य उत्पादन बराबर नै रहेको देखिन्छ। कतिपय आर्थिक कारोबार करदाताको पारदर्शिताको अभावमा करको दायरामा समेटिन नसकेको पनि सरकारी दस्तावेजमा छ। साह्रौ योजनामा लेखिएको छ, 'कर प्रयोजनार्थ आर्थिक वर्ष २०७९/८० सम्म व्यक्तिगत र संस्थागत गरी कूल ५५ लाख ५४ हजार स्थायी लेखा नम्बर जारी भएका छन्। श्रम क्षेत्रमा पनि अनौपचारिक श्रम तथा रोजगारीको अंश उल्लेख्य छ।' यसैगरी नेपाली बजारमा रोजगारीको अवस्था पनि निकै दयनीय भएको सरकारले स्वीकार गरेको छ। तथ्यांकअनुसार पन्ध्र वर्षमाथिको श्रमशक्तिको कूल १५ दशमलव ४ प्रतिशतले मात्रै औपचारिक रोजगारी प्राप्त गरेका छन्। कूल रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा केवल ३७ दशमलव ८ प्रतिशत रहेको छ। अर्थतन्त्रमा छद्म रूपमा सञ्चालित गैह्रकानूनी उत्पादन तथा कारोबार, सीमा क्षेत्रमा हुने अवैध ओसारपसार, व्यापार विचलन र गैह्रकानूनी सम्पत्तिको शुद्धिकरण वित्तीय अपराधजस्ता क्रियाकलापहरू समेत अर्थतन्त्रले ब्यहोरी रहेको सरकारले स्वीकार गरेको छ।

२०७९/८० मा नेपालको अर्थतन्त्रको आकार ५३ खर्ब ४८ अर्ब ५३ करोड रुपैयाँ हो। चालु आर्थिक वर्ष २०८०/८१ मा नेपालको जीडीपी प्रचलित मूल्यमा ५७ खर्ब ४ अर्ब ८४ करोड पुग्ने अनुमान गरिएको छ।

राष्ट्रिय योजना आयोगले बुधबार सार्वजनिक गरेको सोह्रौं योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) मा अनौपचारिक तथा अलेखाङ्कित अर्थतन्त्रबारे उल्लेख गरेको छ। योजना पुस्तिकामा अनौपचारिक अर्थतन्त्रलाई विभिन्न ४ सूचकमा बाँडेर तथ्याङ्क प्रस्तुत गरिएको छ। त्यस्ता प्रतिष्ठानले कस्तो, कति परिमाणमा र कुन प्रकृतिको कारोबार गरिरहेका छन् भन्ने आधिकारिक जानकारी सरकारलाई छैन। समानान्तर आकारको अनौपचारिक अर्थतन्त्र हाँकिरहेका यस्ता प्रतिष्ठानलाई अबको पाँच वर्षपछि पनि दर्ता गराइ पूर्ण निगरानीमा ल्याउन नसकिने सरकारले जनाएको छ।

सोह्रौ योजनाो लक्ष्यअनुसार योजना अवधिभर अर्थात् आर्थिक वर्ष २०८५/८६ मा ८५ प्रतिशत प्रतिष्ठानलाई मात्रै आधिकारिक निकायमा दर्ता गराइने छ। अबको पाँच वर्ष अर्थात् २०८६ असार मसान्तसम्म स्थायी लेखा नम्बर प्राप्त गर्ने करदाता संख्या ८० लाख पुऱ्याउने सरकारको लक्ष्य छ। यसअघि नेपाल राष्ट्र बैंकको सहयोगमा त्रिभुवन विश्वविद्यालय (त्रिवि) केन्द्रीय अर्थशास्त्र विभागले गत माघमा सार्वजनिक गरेको एक अध्ययन प्रतिवेदनमा पनि नेपालमा अनौपचारिक अर्थतन्त्रको आकार औसत करिब ४० देखि ४२ प्रतिशत रहेको देखाएको थियो।

**श्रममन्त्री...**

सम्मेलनमा आईएलओका १८७ सदस्य राष्ट्रका प्रतिनिधिले सहभागिता जनाएका छन्। सरकार, रोजगारदाता र श्रमिकका प्रतिनिधिले सम्मेलनमा सहभागिता जनाउने छन्। नेपालका तर्फबाट नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र संयुक्त ट्रेड युनियन समन्वय केन्द्रका अध्यक्ष योगेन्द्र कुमार कुँवरले पनि सम्मेलनमा सहभागिता जनाउने मन्त्रालयले जनाएको छ। ३ जुनदेखि शुरु भएको यस पटकको सम्मेलन १४ जुनमा सकिने छ।

**धनगढी...**

तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव वसन्त बोहोराले जानकारी दिए। मेलामा सुदूरपश्चिम प्रदेशका नौ वटै जिल्लाबाट युवाहरु रोजगारीबारे जानकारी लिन तथा आवेदन दिनका लागि सहभागी भएका थिए। मेलामा रोजगारीबारे जानकारी लिने युवाहरु, निजी क्षेत्रका रोजगारदाता, रोजगारसम्बन्धी सरोकारवाला संघ संस्थाहरुको ठूलो उपस्थिति रहेको थियो। मेलामा आन्तरिक रोजगार सम्बन्धित निजी क्षेत्र, वैदेशिक रोजगारसम्बन्धी जानकारी गराउने सरकारी निकाय, सामाजिक सुरक्षा कोषबारे जानकारी गराउने उद्देश्यका साथ ३७ वटा स्टलहरु रहेका छन्।

मेलाको आइतबार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले उद्घाटन गरेका हुन्। उनले उद्यमशीलता र रोजगारी वर्तमान अवस्थामा अतिआवश्यक रहेकाले मेलाले रोजगारदाता र रोजगार खोज्नेबीच समन्वय कायम हुने विश्वास व्यक्त गरे। मेला स्वदेशमा रोजगारीको अवसर सिर्जना गरी आवश्यक जनशक्ति तयार गर्न कोशेढुंगा सावित हुने उनको भनाइ थियो। मेलामा निजी क्षेत्र तथा सरकार मातहतका निकायहरुले एउटै थलोमा बसेर रोजगारसम्बन्धी सम्पूर्ण जानकारी लिन र दिन सक्ने मन्त्री भण्डारीले बताए। मेलामा रोजगारीका लागि फारम भरेका सबैले रोजगारी पाउने अवस्था भने छैन। सुदूरपश्चिममा रहेको व्याप्त बेरोजगारी धनगढीमा आयोजना गरिएको रोजगार मेलाले देखाएको छ। धनगढी उपमहानगरपालिकाका मेयर गोपाल हमालले सुदूरपश्चिममा व्याप्त बेरोजगारी रहेको बताए। उनले भने, 'हामी तीनै तहको सरकार यहाँ छौं। यो भिडले अबको आवश्यकता देखाएको छ। अबको युवालाई रोजगारी चाहियो। अबको युवालाई सीप चाहियो।'

सुदूरपश्चिम प्रदेशका नागरिक रोजगारीको खोजीमा भारतका विभिन्न क्षेत्रमा जाने गरेका छन्। केही युवाहरु तेस्रो मुलुकमा समेत रोजगारीका लागि जाने गरेका छन्। दैनिक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विदेश जाने युवाहरुको भिड हुने गरेको छ। त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलकोजस्तै भिड आइतबार धनगढी रोजगार मेलामा देखिएको थियो। सुदूरपश्चिमको भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री टीका थापाले कृषिमा शून्य प्रतिशत ब्याजमा ऋण दिने गरेको बताइन्। उनले भनिन्, 'मार्गदर्शन छ। किसानलाई परिचयपत्र पनि दिएका छौं। विदेशबाट फर्किएका युवालाई शून्य ब्याजमा ऋण पनि दिएका छौं।' सुदूरपश्चिमका स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारले रोजगारीका अवसरहरु सिर्जना गर्न नसकेको गुनासो छ। तीन तहका सरकारले युवाहरुलाई दक्षसमेत बनाउन नसकेको तर्क गरिएको छ। तर सुदूरपश्चिममा रोजगारीका लागि औद्योगिक क्षेत्र स्थापनाको चरणमा रहेको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले दाबी गरेका छन्। उनले भने, 'संस्थानहरु थन्काइएको छ। हामी कानून संशोधन गरेर सञ्चालनको तयारीमा छौं। सुदूरपश्चिममा पनि सम्भावनाहरु छन्।' सुदूरपश्चिममा एउटै गतिलो उद्योग नभएका कारण पनि बेरोजगारी समस्या वर्षेनी बढ्दै गएको छ। श्रमाधान मेला जेठ १७ देखि कोशी प्रदेशको विराटनगरबाट शुरु भइ यही जेठ ३० गेत बागमती प्रदेशको ललितपुरमा समापन हुने मन्त्रालयले जनाएको छ।

**आईटी...**

जाने लाखौं युवाहरुबाट खर्बौं रकम अवैधरुपमा असुली भएको दाबी गर्दै लामो समयदेखि भइरहेको उक्त अवैध असुलीलाई आईटी आर्मीले रोक्न चाहेको दाबी गरे।

'लाखौं लाख युवासँग खर्बौं रकम ठगी भइरहेको छ,' उनले भने, '१० हजारको नाममा १० लाख, ५ लाख गरी लाखौं लाख अवैध असुली भइरहेको छ। विगत लामो समयदेखि भइरहेको असुलीलाई हामी रोक्न चाहन्छौं।'

उनले युवाहरुले विदेशमा दुःख गरेर कमाएको रकम अवैधरुपमा हुण्डीमार्फत भित्रिरहेको पनि दाबी गरे। नेपालका नेता, प्रशासक र अवैध व्यापारीहरुले हुण्डीमार्फत पैसा ल्याएर आफ्नो कालोधन विदेशमा थुपार्ने काम गरिरहेको उनको आरोप छ। नेताहरु बिनालगानी म्यानपावरको शेयर होल्डर बनिरहेको पनि उनले दाबी गरे।

मरभूमिमा मर्न बाध्य युवाहरुले पठाउने रेमिट्यान्सलाई नेपालका भ्रष्ट नेता, प्रशासक र अवैध व्यापारीहरुले आफ्नो कालो धनलाई सट्टापट्टाको रुपमा प्रयोग गर्ने अस्त्रको रुपमा प्रयोग गरिरहेको उनले आरोप लगाए।

साथै विदेशमा ज्यान गुमाउने युवाहरुको मृत्युलाई उनले 'राज्यद्वारा गरिएको हत्या'का रुपमा परिभाषित गरे। यसको जिम्मेवारी राज्यले लिनुपर्ने उनले बताए। वैदेशिक रोजगारीमा पठाउँदा जीटूजी प्रणाली अवलम्बन गरिनुपर्ने उनको माग छ। आईटी आर्मीका केन्द्रीय सचिव प्रशान्त केसीले विदेश पठाउने नाममा धेरै अनियमितता, भ्रष्टाचार र ठगी भइरहेको बताए। आईटी आर्मीका महासचिव नरेश तुरहाले नेपालमा सदियौंदेखि वैदेशिक रोगजारीमा पठाउने परम्परा चलिरहेको र कुनै न कुनै रुपमा यसमा नेताहरुको संलग्नता रहेको बताए। उनले नेताहरुले म्यानपावरको माध्यमबाट युवाहरुलाई लुटिरहेको पनि आरोप लगाए।

**नयाँदिल्लीमा...**

कांग्रेससँगको गठबन्धन तोडेर एमालेसँग बनाएपछि भारतले चित्त दुखाएको कतिपयको टिप्पणी छ। कूटनीतिक मामिलाका जानकारहरु भारतको चाहना विपरीत गठबन्धन हुनुमा भारतले नेपालको राजनीतिमा चीनको प्रभाव बढेको अर्थमा बुझ्न थालेको बताउँछन्। भारतले वर्तमान सत्ता गठबन्धनलाई नरुचाएको प्रधानमन्त्री प्रचण्डले पनि महसुस गरेको र आपसी सम्बन्धलाई सुधार गर्ने मौकाको रुपमा यो भ्रमणलाई उपयोग गर्न सक्ने यस क्षेत्रका जानकारहरुको सुझाव छ। तर प्रधानमन्त्री प्रचण्डका परराष्ट्र सल्लाहकार रुपक सापकोटा यदि भारत पक्षलाई कुनै आशंका भएमा अहिलेको भ्रमणले स्पष्ट पार्ने बताउँछन्। उनले प्रधानमन्त्री प्रचण्डले यसअघि गरेको भारत भ्रमणका क्रममा भएको सम्झौताका कार्यान्वयन लगायतको विषयमा पनि भारतका प्रधानमन्त्री मोदीसँग कुराकानी गर्ने बताए। २०७९ पुस १० गते प्रधानमन्त्री नियुक्त भएपछि प्रचण्डको यो दोस्रो भारत भ्रमण हो। एक वर्षअघि जेठ १७ गतेदेखि उनले भारत भ्रमण गरेका थिए। त्यतिबेला प्रचण्ड माओवादी र कांग्रेससहितको गठबन्धन सरकारको प्रधानमन्त्री थिए। अहिले अवस्था फेरिएको छ। एमाले-माओवादी गठबन्धन बनेपछि प्रधानमन्त्री प्रचण्ड भारत भ्रमणमा गएका हुन्। भारत भ्रमणमा प्रधानमन्त्री प्रचण्डका साथमा उनका स्वकीय सचिव गंगा दाहाल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरी, परराष्ट्र सचिव सेवा लम्साललगायत उच्चपदस्थ सरकारी अधिकारीहरु सहभागी छन्। प्रधानमन्त्री दाहाल सोमबार स्वदेश फर्कनेछन्।

भारत जानु अगाडि प्रधानमन्त्री प्रचण्डले शनिबार राष्ट्रपति रामचन्द्र पौडेलसँग भेट गरेका थिए। त्यसक्रममा प्रधानमन्त्री प्रचण्डले आफ्नो भारत भ्रमणबारे जानकारी गराएका थिए।

प्रधानमन्त्री प्रचण्डलाई भ्रमणको सफलताको शुभकामना व्यक्त गर्दै राष्ट्रपति पौडेलले दुई देशबीचको आपसी सम्बन्धलाई अझ सुदृढ तुल्याउन भ्रमण फलदायी होस् भनेका छन्। राष्ट्रपति पौडेलले प्रधानमन्त्री दाहालको भारत भ्रमणबाट दुईदेशबीचको सदियौंदेखिको सम्बन्धलाई थप उचाइमा पुऱ्याउन सहयोग पुग्ने विश्वास व्यक्त गरेको राष्ट्रपतिको कार्यालयले जनाएको छ।

मन्त्रिपरिषद्को बिहीबारको बैठकले भारतीय प्रधानमन्त्री मोदीको शपथग्रहण समारोहमा प्रधानमन्त्री दाहाल सहभागी हुने निर्णय गरेको थियो। सन् २०१४ मा प्रधानमन्त्री मोदीको शपथग्रहण समारोहमा तत्कालीन प्रधानमन्त्री सुशील कोइराला सहभागी भएका थिए। मोदीले भारतको नेतृत्व सम्हाल्नेबित्तिकै छिमेक पहिले नीति ल्याएका थिए। सोही विदश नीतिअनुसार मोदीले दक्षिण एसियाली राष्ट्रका राष्ट्राध्यक्ष एवं सरकार प्रमुखलाई शपतग्रहण समारोहमा निमन्त्रणा गरेका थिए।

प्रधानमन्त्री प्रचण्डले प्रमुख सत्ताघटक नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग समेत संवाद गरेका थिए।

# गेरुवा गाउँपालिका पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा



सन्तोष पौडेल/मध्यान्ह
बर्दिया, २७ जेठ

बर्दियाको गेरुवा गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको छ। निश्चित सूचकहरू पूरा गरेको आधारमा आइतबार एक कार्यक्रमकाबीच गेरुवा गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको हो।

'स्थानीय श्रोतको उपयोग, स्वामित्व र सहभागिता, पूर्ण खोप पालिका हाम्रो प्रतिवद्धता' भन्ने नाराका साथ पालिका स्तरिय खोप समन्वय समितिका अध्यक्ष एवम् गाउँपालिका अध्यक्ष जमान सिंह के.सी.को अध्यक्षतामा भएको घोषणा सभामा प्रमुख अतिथि जिल्ला खोप समन्वय समितिका संयोजक एवं जिल्ला समन्वय समिति बर्दियाका प्रमुख सूर्य बहादुर विष्टले पूर्णखोप सुनिश्चितता दिगोपना गाउँपालिका घोषणा गरेका हुन्।

घोषण पश्चात जिल्ला समन्वय समिति बर्दियाका प्रमुख विष्ट र प्रमुख जिल्ला अधिकारी रुदादेवी शर्माले संयुक्त रुपमा गाउँपालिका अध्यक्ष जमान सिंह के.सी.र उपाध्यक्ष लक्ष्मीकुमारी चौधरीलाई प्रमाणत्र हस्तान्तरण गरेका थिए।

घोषणा सभामा जिल्ला समन्वय समिति बर्दियाका प्रमुख विष्ट, प्रमुख जिल्ला अधिकारी शर्मा, जिल्ला प्रहरी कार्यालय बर्दियाका प्रहरी उपरीक्षक प्रविण धिताल र स्वास्थ्यकार्यालय बर्दियाका प्रमुख गोकर्ण गिरीले शुभकामना मन्तव्य राखेका थिए।

पहिलो चरणमा पालिकाका ६ वटा वडालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको र हाल सोही तथ्यांक र सूचकका आधारमा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना गाउँपालिका घोषणा गरिएको स्वास्थ्य शाखा प्रमुख नारायण भण्डारीले बताए। उनका अनुसार गाउँपालिकामा जन्मेदेखि १५ महिनाका ५ सय ७८ र १६ देखि ५९ महिनाका १ हजार ५सय ७८ जना बालबालिकाले १५ महिना भित्र पाउँनु पर्ने सबै प्रकारका खोप लगाएको तथ्यांक रहेको छ। गाउँपालिकामा ६ वटा स्वास्थ्य संस्थाले २३ वटा खोप केन्द्रबाट हरेक महिना तोकिएको मितिमा नियमित रूपमा खोप सेवा प्रदान गर्दै आएको छ।

**UAE मा रोजगार** | कम्पनी: BEST STAR SECURITY SERVICES LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८१/०२/२७ चलानी नं.: ६०२२०८६४ L.T. No.: 306175

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक दा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Supervisor | 3 | 0 | सम्बन्धित काममा दक्ष | 2700 | ५७,८४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard | 30 | 0 | | 2100 | ७६,१०४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार ३ गते (17 June 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत पत्र नं.: १४१३/०७४/०७५

H. R. WORLD SERVICE PVT. LTD.
Old Baneshowr -9 Kathmandu. Tel: 4465793, 9823427789, 9849799235, 9808891777
Contact : 9803838088 | 9844135757 | 9823536198 | 9856080556
Jhapa Contact : 023543503 | 9818283698 | 9801936241 | 9801936231

सुदूरपश्चिम प्रदेश

# सत्तारुढ दलहरुबीच मिल्यो भागबण्डा

**सुनिल आउजी / मध्यान्ह**
धनगढी, २७ जेठ

सुदूरपश्चिम सरकार विस्तार हुने भएको छ । शीर्षस्थ नेतृत्व तहमा कुरा मिलेपछि सोमबार मन्त्रीमण्डल विस्तार हुने भएको हो ।

नवगठित मन्त्रीमा नेकपा माओवादी केन्द्रबाट ओमविक्रम भाट सरल र अक्कल रावल मन्त्री बन्ने भएका छन् भने एमालेका प्रमुख सचेतक सुरेन्द्र बहादुर पाल र प्रदेश सभा सदस्य बीरबहादुर थापा (पातल) मन्त्री बन्ने भएका छन् ।

नेकपा एकीकृत समाजवादीका संसदीय दलका नेता दिर्घ सोडारी मुख्यमन्त्री नियुक्त भएको झण्डै दुई महिनापछि सुदूरपश्चिममा सरकार विस्तार हुने संकेत देखिएको हो ।




सुदूरपश्चिम सरकार विस्तारबारे प्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र नेकपा एमाले अध्यक्ष ओलीबीच भेटवार्ता भएपछि सरकार विस्तार हुन लागेको हो ।

नवगठित मन्त्रीमण्डलमा एमालेलाई आर्थिक मामिला र आन्तरिम मामिला मन्त्रालय दिने र माओवादीलाई सामाजिक विकास मन्त्रालय र उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयल दिने सहमतिको खाका बनेको छ । हाल मुख्यमन्त्री सोडारी नेतृत्वको मन्त्रीमण्डलमा नागरिक उन्मुक्ति पार्टीका दुईजना मन्त्री रहेक छन् । सोडारी नेकपा एकीकृत समाजवादी तर्फबाट मुख्यमन्त्री बनेका हुन् ।

# राष्ट्रिय अनुसन्धान विभागका उप–निर्देशककै प्रमाण पत्र नक्कली, अख्तियारले हाल्यो मुद्दा




**काठमाडौं / मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नक्कली शैक्षिक प्रमाण पत्र पेस गरी राष्ट्रिय अनुसन्धान विभागमा जागिर खाएको अभियोगमा हेमन्त चौधरीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । अख्तियारले आइतबार चौधरीविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

चौधरीले मगध विश्वविद्यालय, बोधगया, भारतबाट बि.ए. उत्तीर्ण गरेको भनि नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी राष्ट्रिय अनुसन्धान विभागमा अनुसन्धान अधिकृतको बढुवा नियुक्ति लिइ त्यसपश्चातका माथिल्ला विभिन्न पदका लागि समेत सोही प्रमाणपत्र पेस गरी हाल राष्ट्रिय अनुसन्धान विभाग अन्तर्गत उप-अनुसन्धान निर्देशक पदमा रही ओहोदा, लाभ र सुविधा प्राप्त गरेको पुष्टि भएको अख्तियारले बताएको छ ।

चौधरीविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइ मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।

# उत्खनन गरिरहेका एक्जाभेटर र ट्याक्टरमाथि तोडफोड

**सत्येन्द्र प्रताप सिंह / मध्यान्ह**
रौतहट, २७ जेठ



निर्वाचित वडाध्यक्षसहितका स्थानीयहरुले वृन्दावन नगरपालिकास्थित वागमती नदीबाट नदीजन्य पदार्थ उत्खनन गरिरहेका एक्जाभेटर र ट्याक्टरमा तोडफोड गरेका छन् ।आइतबार वडा नम्वर २ का वडाध्यक्ष सिकिन्द्र पटेल र वडा नम्वर ४ का अध्यक्ष श्याम यादवले स्थानीय बासिन्दाहरुलाई उचालेर बागमती नदीमा उत्खनन गरिरहेका एक्जाभेटरमाथि आक्रमण गर्दै तोडफोड गरेर क्षति पुऱ्याएका हुन् । उनीहरुले एक्जाभेटरको इन्जिनभित्र बालुवा समेत हालेको आरोप लागेको छ । उक्त स्थानमा उत्खनन भएका बालुवा गिटी लोड गर्न खडा रहेका तीन वटा ट्याक्टरमा क्षति पुऱ्याउँदै दुई वटा ट्याक्टरको साँचो खोसेर भागेको बताइएको छ । प्रतिउत्तरमा स्थानीय बासिन्दाहरुले एक्जाभेटरमाथि तोडफोड गर्नेहरुलाई लखेटेर वागमती नदी पारी सर्लाही पुऱ्याएका थिए ।

आक्रोशित रहेका अर्को पक्षले बलेरीखोरमा वडाध्यक्ष श्याम यादवले सञ्चालन गरेको राँगा, भैंसी फर्ममा समेत आगजनी गरिदिएका छन् ।

**किन यस्तो अवस्था आयो ?**

वृन्दावन नगरपालिकाले गत असोज महिनादेखि तीन पटक नदीजन्य पदार्थको उत्खननको लागि बोलपत्र आह्वान गरेको थियो । उक्त बोलपत्र आह्वान गर्दा कुनैपनि बोलपत्र दर्ता नभएपछि बोलपत्रलाई रिभाइज गर्नुपर्ने मुल समस्या आएपछि प्रमुख प्रशासकीय अधिकृतको निरन्तर सरुवाबाट काम हुन पाएन । यता नगरपालिकाको आन्तरिक आयश्रोत समेत खेर गइरहँदा जेठ ५ गते नगरपालिकाले अमानतमा उठाउने निर्णय गर्दै स्थानीय व्यवसायीलाई २० दिनको लागि २८ लाखमा ठेक्का लगाएपछि लडाइँ शुरु भएको हो ।

वडा नम्वर २ र ४ का वडाध्यक्ष गिटीबालुवाको कारोवारी रहेको तर तीनले ठेक्का नपाउँदा यस्तो लफडा शुरु गराएका हुन् । सोही क्रममा मेयर विनोद प्रसाद कुर्मीको सवारीसाधन माथि समेत आक्रमण गरियो । अवस्थालाई सामान्य पार्न पटक-पटक उक्त स्थानमा ठूलो संख्यामा सुरक्षाकर्मीहरु परिचालन गरिँदा समेत समस्या यस्तै रहेको छ । नगरप्रमुख कुर्मीले कांग्रेस र माओवादीहरुले यहाँको विकास निर्माणमा पूर्ण रुपमा बाधक बनेको गम्भीर आरोप लगाउँदै भने, 'पाँच वर्षसम्म अरु कसरी यहाँको मेयर बन्छ, आउनुस्,बस्नुस्, मिलेर छलफल गरेर समस्या समाधान गरौं ।'

# बाँफिकोट गाउँपालिकाको ३७औं कार्यपालिका बैठक सम्पन्न

**प्रचण्ड खत्री / मध्यान्ह**
रुकुम पश्चिम, २७ जेठ



रुकुम पश्चिमको बाफिकोट गाउँपालिकाको ३७ औं कार्यपालिका बैठक सम्पन्न भएको छ । बाँफिकोट गाउँपालिकाका अध्यक्ष जनक कुमार बाँठा मगरको अध्यक्षतामा बैठक सम्पन्न भएको हो ।

बैठकले सामाजिक सुरक्षा भत्ताका लागि उमेर पुगेका जेष्ठ नागरिक, पोषण भत्ताका लागि ५ वर्ष मुनिका बच्चाहरुको टिपोट गर्न छुटेको विवरण असार १ गतेसम्म सम्बन्धित वडामा पेस गर्ने निर्णय भएको गाउँपालिका प्रवक्ता जोग बहादुर चन्दले बताए ।

त्यस्तै बैठकले विषयगत समितिको बैठक असार ६ र ७ गते बस्ने असार ८ र ९ गते कार्यपालिकाको बैठक बस्ने र असार १० गते गाउँसभा बस्ने निर्णय भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश रसाइलीले बताए ।

जेष्ठ किसान भत्ताका लागि छुटेका व्यक्तिहरुले असार २ गते भित्र सम्बन्धित वडामा आवश्यक कागजातहरु पेस गर्ने निर्णय भएको अधिकृत रसाइलीले बताए । बैठकमा गाउँपालिकाका सबै कार्यपालिका सदस्यको सहभागीता रहेको थियो ।

# रुस पठाइदिन्छु भन्दै ठगी गर्ने पक्राउ

**मध्यान्ह संवाददाता**
रौतहट, २७ जेठ



विद्यार्थी भिसामा रुस पठाइदिन्छु भन्दै लाखौं रकम ठगी गर्ने एक जनालाई प्रहरीले पक्राउ गरेको छ । यमुनामाई गाउँपालिका वडा नं. २ घर भएका २० वर्षीय जितेन्द्र कुमार यादवलाई विद्यार्थी भिसामा रुस पठाइदिन्छु भन्दै ठगी गर्ने यमुनामाई गाउँपालिका वडा नं २ का २३ वर्षीय राहुलकुमार प्रजापतिलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

विद्यार्थी भिसाको कागजातहरु नेपालस्थित रुसी दूतावासबाट जारी भएको भनेर नक्कली कागजात देखाइ विश्वासमा लिएर यादवबाट १० लाख ८७ हजार ७२० रुपैयाँ लिएर प्रजापति फरार भएका थिए ।

पीडित पक्षले दिएको जाहेरीको आधारमा प्रजापतिलाई गत २२ गते पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । प्रजापतिविरुद्ध ठगी तथा आपराधिक लाभसम्बन्धी कसुरमा अदालतबाट म्याद थप गराइ कसुर अनुसारको मुद्दा दर्ता गरेर कारबाही प्रक्रिया अघि बढाइएको प्रहरी नायब उपरीक्षक एलिजा गिरीले जानकारी दिइन् ।

# सुनचाँदी व्यवसायी महासंघको कावा अध्यक्षमा रसाईली



**चितवन / मस–** नेपाल सुनचाँदी व्यवसायी महासंघको कार्यवाहक अध्यक्षमा वरिष्ठ उपाध्यक्ष अर्जुन रसाईलीले जिम्मेवारी पाएका छन् । रसाईली महासंघको आसन्न चौंथो महाधिवेशनका अध्यक्ष पदका उम्मेदवार हुन् ।

महासंघका अध्यक्ष माणिकरत्न शाक्य सोमबारदेखि वैदेशिक भ्रमणमा जानुपर्ने भएको हुनाले अध्यक्ष शाक्यको उपस्थिति नहुँदा सम्मको लागि महासंघको नियमित कार्यहरु गर्न गराउनको लागि वरिष्ठ उपाध्यक्ष रसाईलीलाई आइतबार अख्तियारी पत्र अध्यक्ष शाक्यले हस्तान्तरण गरेका हुन् ।

वि.सं २०५३ सालदेखि सुनचाँदी व्यवसायमा संग्लन रसाईली २०६२-६५ सम्म नेपाल सुनचाँदी व्यवसायी संघ शाखा चितवनको कार्यसमिति सदस्य, २०६५-६८ सम्म नेपाल सुनचाँदी व्यवसायी संघ शाखा चितवनको अध्यक्ष, २०६९-७० सम्म नेपाल सुनचाँदी व्यवसायी महासंघको तदर्थ समिति सदस्य, २०७०-७३ सम्म महासंघको उपाध्यक्ष, २०७३-७७ सम्म महासंघको प्रथम उपाध्यक्ष र २०७७ देखि हालसम्म महासंघको वरिष्ठ उपाध्यक्षमा रहेका छन्।

# श्रीमानले कराही प्रहार गर्दा श्रीमतीको मृत्यु

**सपना बोहरा / मध्यान्ह**
दाङ, २७ जेठ

दाङको गढवामा श्रीमानले तरकारी पकाउने कराही प्रहार गर्दा एक महिलाको मृत्यु भएको छ । गढवा गाउँपालिका-२, पचहिया निवासी २६ वर्षीय रन्जित चौधरीले श्रीमती कमलालाई तरकारी पकाउने कराही प्रहार गरेका थिए । कराही प्रहार गरी गम्भीर घाइते कमलाको क्रिमसन हस्पिटल बुटवलमा उपचारका क्रममा आइतबार बिहान मृत्यु भएको इलाका प्रहरी कार्यालय गढवाकी प्रहरी निरीक्षक कालिका कार्कीले जानकारी दिइन् ।

यहि जेठ २४ गते राती करिब ९ बजे रन्जितले श्रीमतीमाथि कराही प्रहार गरेका थिए । रन्जितलाई इलाका प्रहरी कार्यालय गढवाले नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान गरिरहेको छ ।

# नाबालिकामाथि यौन दुर्व्यवहार !

**दिलमाया शाही / मध्यान्ह**
जुम्ला, २७ जेठ

जुम्लामा पाँच वर्षीय बालिकामाथि यौन दुर्व्यबहार भएको छ । जुम्लाको गुठीचौर गाउपालिकाकी पाँच वर्षकी बालिकामाथि यही जेठ १८ गते शुक्रबार दिउँसो घर नजिकैको बारीमा ६४ वर्षका पुरुषले यौन दुर्व्यबहार गरेको आरोप लागेको छ । स्थानीय नेताका रुपमा समेत परिचित ति पुरुषले बालिकालाई बोलाएर कपडा खोल्न लगाएको आरोप लागेको हो । यस्तो दृश्य अन्य दुई किशोरीले देखेको र बाजे, बाजे भनेर कराएपछि भागेको बताइन्छ ।

यो विषयमा स्थानीय स्तरमा छलफल भएर प्रहरीकहाँ समेत जानकारी पुगेको थियो । सूचना पाएपछि प्रहरीले पुरुषलाई नियन्त्रणमा लिएको थियो । तर, पीडितले नै करणी गरेको अस्वीकार गरेपछि छाडिएको छ ।

बालिकाका अनुसार चकलेट दिन्छु भनेर कपडा खोल्न लगाएका थिए । तर, उनले करणी भने नभएको प्रहरीलाई बयान दिएकी छन् ।

१८ गते घटना भएपछि १९ गते गाउँमै समेत छलफल भएको थियो । त्यसपछि बालिकाकी आमाले गुठीचौर प्रहरी चौकी पुगेर घटनाबारे जानकारी गराएकी थिइन् । त्यसपछि प्रहरीले आरोपित पुरुषलाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय जुम्ला पठाएको थियो । तर, आरोपित पुरुष एक रातमै छुटे ।

जुम्ला प्रहरीका अनुसार पीडित बालिकाका आमा बुवाले जाहेरी नदिएको र स्वयम देखेको भनिएका किशोरीले करणी भएको अस्वीकार गरेपछि नियन्त्रणमा लिएका व्यक्ति छुटेको बताएको छ ।

गुठीचौर ४ का वडाध्यक्ष टिका दत्त न्यौपाने प्रहरीले आरोपित व्यक्तिलाई नियन्त्रणमा लिएपछि आफूले घटनाबारे जानकारी पाएको बताए । प्रहरीबाट आफुलाई जानकारी भएको र आरोपित व्यक्तिलाई छोड्नका लागी रोहवरमा बस्नुहोस भन्दा अस्वीकार रेको बताए ।

'मैले मेरो नाम पनी नलेख्नुहोस म बालिका करणीको प्रयास, बालविवहा, बहुबिवाह जस्ता सरकार बादी मुद्दाहरुमा बस्न मिल्दैन भनेर निस्केको हुँ' वडाध्यक्ष न्यौपानेले भने, 'वडा सरकारको तर्फबाट कुनै गलत गर्ने ब्यक्तिलाई सजाय हुन पर्छ भन्ने पक्षमा छु ।'

बालिका यौन दुर्ब्यवहार, करणी सम्बन्धी कसूरमा पीडित वा पीडितको परिवारलाई कुनै प्रकारको डर, धाक, धम्की दिई वा करकापमा पारी कुनै किसिमको लेनदेन गरी वा नगरी त्यस्तो कसूरमा उजुरी नगर्नका लागि दबाब दिन नहुने कानुनी व्यवस्था छ ।

जाहेरी नदिन वा अदालतमा उपस्थित नहुन मञ्जुर गराउन. वा कसूर गर्ने व्यक्ति र पीडित वा पीडितको परिवारको सदस्यबीच मेलमिलाप वा मिलापत्र गराउन वा त्यसको लागि दवाब दिन वा प्रभावमा पार्न हुदैन भन्ने पनि कानुनी व्यवस्था छ ।

बालअधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्न बालबालिकासम्बन्धी ऐन २०७५ छ । ऐनमा बालबालिकामाथि हुने यौन हिंसा, यसविरुद्ध सजायको व्यवस्था पनि तोकिएको छ ।

यौनजन्य मनसायले शरीरको संवेदनशील अंगमा छुने, चुम्बन गर्ने, समाउने, अंकमाल गर्ने वा आफ्नो, अरु कसैको शरीरको संवेदनशील अंग छुन, समाउन लगाउने, यौनजन्य मनसायले बेहोस पार्ने, यौनजन्य अंग प्रदर्शन गर्ने वा गर्न लगाउनेलाई ७५ हजार रुपैयाँ जरिवाना र तीन वर्षसम्म कैदको व्यवस्था छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०९/०३ मा दर्ता भएको **प्रा.लि.नं. २५०२८३/०७७/०७८** को **अर्गानिक च्या पस फुड्स प्रा.लि.** को मिति २०८१/०२/२७ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**


## VACANCY ANNOUNCEMENT

One of the reputed company is seeking for following applicants.

PRO : 2 Female

Requirement:
Education: Above +2
Good Looking
Having Good English



*Salary- 15,000+ commission*

We do fair and transparent screening . Candidates we are eligible with the above qualities can drop their CV at
resumeshahid@gmail.com

AL SHAHID OVERSEAS PVT. LTD.
Banshidhar Marg-04,Chandol, Kathmandu
Tel: 4414440, 4443434

## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी : MARBLE LIFE GULF — शहर: UAE
पुर्व स्वीकृत मिति: २०८१/०२/२७ — चलानी नं.: ६०२२०८०९ — L.T. No.: 306094

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 7 | 0 | स. काममा दक्ष | 800 | २८,९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार ३ गते (17 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

SUN HILLS
सन हिल्स ओभरसिज सर्भिसेज प्रा. लि.
छाउनी मार्ग, सितापाईला, काठमाडौं, फोन: ०१–५९०४०५८
Gov.Lic. No. 818/066/067 Email : sunhillsoverseas@gmail.com, info@sunhillsoverseas.com, Web: sunhillsoverseas.com
Mobile : 9851343472 ,9813737367, 9851343372

## Kuwait मा Tailor हरुलाई रोजगारको अवसर

Company: Tafaseel For Tailing Arab Men Clothes And Fabrics Co
पूर्व स्वीकृती मिति: २०८१/०२/२७ — चलानी नं.: ६०२२०७८६ — LT No. : 306059

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Tailor | 10 | 00 | काममा दक्ष | 155 | ६७,९१८।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Company: Khayat Arees Al Kuwait For Men Clothing And Fabrics Co
पूर्व स्वीकृती मिति: २०८१/०२/२७ — चलानी नं.: ६०२२०७८७ — LT No. : 306060

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Tailor | 04 | 00 | काममा दक्ष | 160 | ७०,१०९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कन्दुरा तथा बुर्खा सिलाउन जान्नेहरुको लागि विशेष प्राथमिकता दिईने छ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु. १०,०००/- |

अन्तरवार्ता २०८१ असार ३ गते (17 Jun., 2024) यस प्रा. लि. कार्यालय सामाखुसीमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Euro Asia H.R. Solutions Pvt. Ltd.
Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Nepal Tel : 01-4980875, 4965521,
Mob: 9851048235, 9851042984, 9851159503
Email: myeuroasiahr@gmail.com | Web: www.euroasiagroups.com

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!



TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
२८ जेठ २०८१, सोमबार
10 June 2024, Monday

## सम्पादकीय

# अति भो !

संघीय सत्ता समीकरण फेरिएको तीन महिना बितिसक्दा पनि प्रदेशका सरकारहरूले पूर्णता पाउन सकेका छैनन् । गत २१ फागुनमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सत्ता समीकरण फेरेपछि प्रदेशहरूमा पनि सोही बमोजिम सरकारहरू बनाउने गृहकार्य सुरू भएको थियो । तर कुनैपनि प्रदेश सरकार परिवर्तन सजिलो भएन । संघीय सत्ता समीकरण बमोजिम सजिलै सरकार बन्नुपर्ने कोशी, कर्णाली जस्ता प्रदेशमा पनि सत्ता निर्माण कठिन परेको थियो । कोशीमा एमाले नेता हिक्मत कार्की तेस्रोपटक मुख्यमन्त्री बनेपनि त्यहाँको मुद्दा सर्वोच्चबाट टुंगिएको छैन । निवर्तमान मुख्यमन्त्री केदार कार्कीले सर्वोच्चमा दिएको रिटमाथि अन्तिम फैसला आउन सकेको छैन । बागमती, लुम्बिनी र कर्णालीमा साना दलहरूलाई मनाएर बल्लतल्ल सरकार बनेको थियो । यी प्रदेशहरूमा आलोपालो नेतृत्वको सहमतिमा सरकार बनेकाले अझै अस्थिरता कायमै रहेको प्रष्ट छ ।

